‘शिक्षा, कृषि, पर्यटन, र पूर्वाधार, समुन्नत् साल्पासिलिछोको आधार’

## साल्पासिलिछो गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## चौंकीडाँडा, भोजपुर

## आ.ब. २०७८/०७९ को

# निति तथा कार्यक्रम

**गाउँ सभाका सदस्यज्यूहरु**

सर्वप्रथम साल्पासिलिछो गाउँपालिकाको नवौं गाउँसभाको यस गरिमामय बजेट अधिवेशनमा सभाका सदस्यज्यूहरुलाई हार्दिक स्वागत गर्दछु । प्रजातन्त्र लोकतान्त्रिक गणतन्त्रको स्थापना लगायत जनताको अधिकार र स्वतन्त्रताका लागि बिभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा देश र जनताका निमित्त आफ्नो प्राणको आहुती गर्ने ज्ञात-अज्ञात महान सहिदहरु प्रति स-सम्मान भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनमा वेपत्ता हुनु भएका योद्धाहरुलाई यस सभामा सम्झन चाहन्छु ।

जनता सार्वभौम र सर्वोपरि शक्ति मात्र नभएर इतिहासका निर्माता पनि हुन । जनताको इच्छा, आकांक्षा र चाहाना माथि राज्यको कुनै स्वार्थ र उद्देश्य हुँदैन । एक्काइसौ शताब्दीको आजको युगमा जनतामाथि शासन गर्ने समय नभइ जनता स्वयंले आफ्नो शासन सहभागितामुलक र सबैको उचित सम्मान र संलग्नतामा आफैँ संचालन गर्दछन । लोकतन्त्रको आधार स्तम्भका रुपमा रहेको स्थानीय तहहरु मार्फत जनताको जीउधनको रक्षा समतामुलक, सहभागिता सहितको विकासको अभिष्ट पुरा गर्न गाउँपालिका अग्रसर भईरहेको वर्तमान परिपेक्षमा स्थानीय जनताको प्रत्यक्ष संलग्नतामा स्थानीय स्रोत साधनको परिचालन, सीप र प्रविधिको उपयोग तथा आय-आर्जन गरी रोजगारीको अवसर सिर्जनाको सार्थै समावेसी विकासलाई अवलम्बन तथा आत्मसात गरी विकास निर्माणका क्रियाकलापलाई पनि जनसहभागितामुलक वनाउदै सवै पक्षलाई समेटेर लैजाने अभिप्रायले नेपाल सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदान साथै गाउँपालिकाको श्रोत, साधनलाई विश्लेषण गरी गाउँको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक तथा भौतिक पूर्वाधार आदि क्षेत्रको

सन्तुलित विकासको लागि समतामुलक र समावेशि चरित्रको विकास गर्न यस नीति तथा कार्यक्रममा महिला, आदिवासी, जनजाति, दलित, अपाङ्ग, अशक्त र वालवालिकाहरुको हित समेट्ने प्रयास गरिएको व्यहोरा पनि अनुरोध गर्न चहान्छु ।

जनताका बास्तबिक माग र आवश्यकताको पूर्ण विश्लेषण गरी बिकास निर्माणका काममा थप प्रभावकारिता ल्याउन पर्याप्त अधिकार र जिम्मेवारी सहित हामी जनप्रतिनिधिहरु निर्वाचित भएको चार वर्ष पुरा भएको छ । हामीले हाम्रो स्थानीय तहको विकासका लागि सम्भावना, सरोकारवाला पक्षहरुसंग सहकार्यको माध्यमबाट हामीले हाम्रो नीति तथा कार्यक्रमलाई जनतामुखी र जन उत्तरदायी बनाउनु आजको आवस्यकता रहेको छ । गाउँपालिकाको विकास योजनामा दोहोरोपन हटाउन र सबैको प्रयासलाई जनमुखी ढंगले नियमित र व्यवस्थित गर्न र विकास साझेदारहरुका कार्यक्रम जनता समक्ष पुचाउन गाउँपालिकाको अग्रणि भुमिका रहेको छ । हाम्रा विकास सम्भाव्यतालाई जनचाहाना अनुरुप सक्षमतापूर्वक कार्यरुप दिन उपलब्ध साधन स्रोतको समुचित उपयोगमा ध्यान दिनु पर्ने आवश्यकतालाई मध्यनजर गरी आवश्यकता, संभाव्यता, साधन स्रोत र उपयोग एंव परिचालन सक्षमताको निरुपण गर्ने गरि विश्लेषणात्मक ढंगले अगाडि बढ्ने उद्देश्यका साथ आ.ब. २०७८/०७९ को नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**सदस्यज्यूहरु**

नेपालमा संविधानसभाद्वारा संविधान जारी भए पछि देशलाई केन्द्रीकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकका रूपमा रूपान्तरित गरेको छ । नेपालको ७५३ स्थानीय तहहरुमध्ये भोजपुर जिल्लामा ७ वटा गाउँपालिका र २ वटा नगरपालिका रहेको छ । जसमध्ये साल्पासिलिछो गाउँपालिकाको पुर्वमा संखुवासभाको खाँदवारी

नगरपालिका, यसैगरी पुर्व उत्तरमा सिलिचुङ गाउँपालिका, उत्तरमा सोलुको महाकुलुङ गाउँपालिका रहेको छ । यसैगरी पश्चिम उत्तरमा खोटाङको केपीलासगढी गाउँपालिका रहेको छ । पश्चिममा ट्याम्केमैयुङ गाउँपालिका र दक्षिणतर्फ भोजपुरको षडानन्द नगरपालिका रहेको छ । ६ वडाहरू भएको यस गाउँपालिका दलित, जनजाति (राई, घले, गुरूङ, मगर, तामाङ, भुजेल, नेवार आदि) खस ( ब्राह्मण, क्षेत्री,) दशनामी जस्ता विभिन्न जात, जाति एवं भिन्दा भिन्दै भाषा, धर्म र संस्कृति भएका मानिसहरूको बसोबास रहेको एक सुन्दर रमणीय र प्राकृतिक दृष्टिले भरिपूर्ण प्रचुर सम्भावना भएको गाउँपालिका हो । यस गाउँपालिकाको क्षेत्रफल १९३.३३ बर्ग किलोमिटर र जनसंख्या १३ हजारको हाराहारीमा रहेको छ ।

**सदस्यज्यूहरु**

साल्पासिलिछो गाउँपालिकाको विकासका चुनौती तथा सम्भावनाहरुलाई संक्षेपमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## चूनौतीहरु :

- ✓ गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण वडाका टोलवस्तीहरुमा निर्माण भएको भौतिक संरचनाको मर्मत र स्तरोन्नती गरी दिगो बिकास हासिल गर्नु प्रमुख चुनौतीका रुपमा रहेको छ ।
- ✓ गाउँपालिकाको आन्तरिक आयस्रोत अत्यन्त न्यून छ । जनताका बिकास निर्माणका माग र चाहना पुरा गर्न प्रर्याप्त लगानी जुटाउनु अर्को चुनौती भएको छ ।
- ✓ जनताको प्रत्यक्ष रुपमा जोडिएको रोजगारीको अवसरलाई सबैको लागि समान पहुँच बनाउन कठिन भएको छ ।

- ✓ विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरसको प्रभावकारी रोकथाम गर्न निकै कठिन रहेको छ । साथै प्रयाप्त पूर्वाधार नबन्दा कोरोना संक्रमीत व्यक्तिहरुलाई उपचारमा कठिनाई भएको छ ।
- ✓ कृषिमा आधुनिकीकरण गरी व्यवसायिकीकरण गर्न समस्या उत्पन्न भएको छ ।

**सम्भावनाहरु :**

- ✓ साल्पासिलिछो गाउँपालिकाको करिव ७० प्रतिशत भू-भाग कृषि उत्पादनको दृष्टिले उर्वर रहेको छ भने सिचाईका लागि प्रशस्त पानीका स्रोतहरु हामीसँग उपलब्ध छन् । त्यस्ता स्रोतहरुको समूचित प्रयोग गर्न सकिएमा कृषि क्षेत्रको उत्पादन र उत्पादकतत्व बढाउन सकिने सम्भावना व्यापक छ ।
- ✓ गाउँपालिकाको कृषि प्रणाली परम्परागत र निर्वाहमूखी रहेको छ । यस अवस्थामा आधुनिकीकरण गरी वैज्ञानिक खेती प्रणालीको बिकास गर्न र उत्पादनमा बृद्धि गर्न सकिने प्रशस्त सम्भावना छ भने कृषिको पकेट क्षेत्रको बिकास गरी आर्थिक अवस्थामा सुधार ल्याउन सकिने देखिन्छ ।
- ✓ मौसमी तथा बेमौसमी तरकारी खेती, अलैंची, सुन्तला, कागती, बेसार, अदुवा, जडीबुटी तथा नगदे बालीको खेती बिस्तार गरी कृषकको जीवनस्तरमा सुधार गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।
- ✓ गाउँपालिकामा पर्यटनको लागि सम्भावना वोकेका क्षेत्रहरु प्रशस्त छन् । (योगमाया तपस्या स्थल, शिवशक्ति भक्ति आश्रम, जाल्पा देवी मन्दिर, कुटीडाँडा, गोरुकाटे गुराँसे डाँडा, तालखर्क, सिंहदेवी मन्दिर, हर्कटे साल्पा, साकेचुङ ढुंगा, डेलीढुंगा,

साउनेथाम, जलेश्वर गुफा, गोथेबजार, डिलखर्क, हाउडाँडा, सालेवा, दोभान, फेदी, विलबाटे, साल्पापोखरी तथा सिलिछो पहाड) लगायतका पर्यटकीय स्थललाई मुन्धुम पदमार्गमा समेट्न सकिएको खण्डमा गाउँपालिकाको दिगो विकासको मुल आधार हुने सम्भावना देखिएको छ ।

- ✓ यसैगरी गाउँपालिका भित्रका विभिन्न क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरुको योगदानलाई सम्मान गर्दै उनीहरुको सम्झनामा स्मृति पार्क, सभाहल तथा विभिन्न संरचना निर्माण गर्न सकिएको खण्डमा पर्यटन पूर्वाधारका विकास हुने देखिन्छ ।
- ✓ साल्पासिलिछो गाउँपालिकालाई उज्यालो गाउँपालिकाको रुपमा अगाडी बढाई केन्द्रीय विद्युतीकरण विस्तार गर्न सकिएको खण्डमा गाउँपालिकाको विकासको चरण नयाँ युगमा प्रवेश गर्ने देखिन्छ ।

**गाउँसभाका सदस्यज्यूहरु**

अब म गाउँपालिकाको मुख्य नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**योजना सञ्चालन सम्बन्धी नीति :**

क. बिकास निर्माणका कार्यलाई दिगो, भरपर्दो र जनमुखी बनाउने,

ख. बास्तविक आबश्यकताको परिपूर्तिका लागि उपयुक्त बिकल्पको छनौट र कार्यान्वयनमा जनतालाई जागरुक गराउने,

ग. सरकारी निजी साझेदारीको अवधारणा अनुसार नगरपालिकाको अर्थ ब्यवस्थालाई गतिशिल बनाउने,

घ. लक्षित बर्गको आर्थिक, सामाजिक तथा मानवीय पक्षमा सुधार एवम् समतामुलक समाजको बिकास गरी नगरलाई समृद्ध नगरको रुपमा अगाडि बढाउने,

ङ. गाउँपालिकाबाट यस आ.व.०७८/०७९ मा सञ्चालन गरिने आयोजनाहरु मंसिर महिना भित्र सम्फौता गरि कार्यान्वयन गर्न उत्प्रेरित गरिने र सो समयभित्र सम्फौता हुन नसकेका आयोजनाहरुको वैकल्पिक व्यवस्थावाट कार्यान्वयन गरिने तीति अवलम्बन गरिनेछ ।
च. गाउँपालिका तथा वडापालिकाबाट विनियोजन हुने योजना तथा कार्यक्रममा गाउँपालिकाको गौरबको आयोजना र वडाको गौरबको आयोजना छनौट गरिने छ ।

## शिक्षा एवं खेलकुद नीति :

- ✓ शिक्षाको क्षेत्रमा गुणस्तरीयता कायम भई व्यावसायिक शिक्षा तथा प्राविधिक शिक्षामा विषेश जोड दिइनेछ ।
- ✓ गाउँपालिकाबाट सञ्चालन गरेको अध्यक्ष कप खेदकुद प्रतियोगितालाई निरन्तता दिने साथै अन्य खेलकुद प्रतियोगिता समेत सञ्चालनमा जोड दिइनेछ ।
- ✓ शैक्षिक क्षेत्रको मेरुदण्डको रुपमा रहेको वाल शिक्षादेखी उच्च शिक्षा प्रदान गरिने संस्थाहरुलाई सञ्चालनको लागि सञ्चालन अुनदान दिने व्यवस्था मिलाइनेछ ।
- ✓ विद्यालयमा कार्यररत कर्मचारी, शिक्षक तथा विषय विज्ञहरुको तलबमानलाई नेपाल सरकारको नियम अनुसार मिलान गरिनेछ ।

## कृषि पशु विकास तथा सिंचाई नीति

- ✓ कृषि ताथ पशु विकासका क्षेत्रमा विविधिकरण र व्यावसायीकरण तथा सिंचाईको विस्तार गरी कृषकको जिवन स्तर उकास्न विशेष जोड दिइनेछ । कृषिलाई आधुनिकीकरण गर्नका

लागि स्थानीय पकेट क्षेत्र, सघन क्षेत्र, समुह, व्यक्ति, संस्था तथा कम्पनीहरुलाई गाउँपालिकासंग आवद्ध गराई लगानी प्रवाह गरि श्वरोजगार सिर्जना गरिनेछ ।

- ✓ गाउँपालिका भित्रको कृषि योग्य भुमिको परिहचान गरी सिंचाईको राम्रो व्यवस्था गरिनेछ । साथै पशुपालनको सम्भावना बोकेको क्षेत्रको विकासमा जोड दिइनेछ ।

**स्वास्थ्य नीति :**

- ✓ प्रतिकारात्मक एवं उपचारात्मक स्वास्थ्य सेवा पद्धतिको विस्तार भई स्वास्थ्य सेवा तथा सुविधामा वृद्धि गराउने साथै आमा सुरक्षा र पोषण कार्यक्रमलाई प्रभावकारी बनाउने नीति लिईएको छ । पोषण कार्यक्रम सञ्चालन गर्नका लागि प्रदेश सरकार, केन्द्रीय सरकार तथा विभिन्न संघ संस्थामा आवस्यक समन्यव गर्ने निर्णय गरियो ।
- ✓ विश्वव्यापी महामारीको न्युनिकरणको लागि निर्माण भएको पालिको स्तरीय अस्थायी कोरोना अस्पताललाई थप व्यवस्थीत गर्दे लगिनेछ । साथै जनताको स्वास्थ्यलाई मध्यनजर गर्दै **एक घर एक एन्टिजेन** परिक्षणको अवधारणलाई अगाडी बढाइनेछ ।
- ✓ गाउँपालिकाबाट आम नागरीकको आयोडिनको कमीबाट हुने विपतीलाई न्युनिकरण गर्न पालिकाको सम्पुर्ण वडाहरुमा आयोनुन वितरण गरी पोषण कार्यक्रमलाई व्यवस्थीत गरिनेछ ।
- ✓ घरमा हुने सुत्केरीलाई निरुत्साहीत गरी संस्थागत सुस्केरी गराउन प्रोत्साहन गरिनेछ । साथै प्रत्येक वडामा वर्थिङ सेन्टरको स्थापना गर्दै लगिनेछ । र चालु आ.ब.मा वडा नं. ५ मा वर्थिङ सेन्टर सञ्चालन गरिनेछ ।

- ✓ १००० दिने आमाहरुलाई बहु क्षेत्रीय पोषण कार्यक्रम मार्फत सम्बोधन गर्दै गाउँपालिका भित्र हुने कुपोषणलाई न्युनिकरण गरिनेछ ।
- ✓ आमा र शिषुको स्वास्थ्य सुधार गर्नका लागि आमा सुरक्षा कार्यक्रम मार्फत नवजात शिशु कार्यक्रम बाल मृत्युदर र मातृ मृत्युदर न्युनिकरण गर्नका लागि विभिन्न संघ संस्थासंग पहल गरिनेछ ।
- ✓ स्वास्थ्य विमा कार्याक्रिम दिर्घ रोगि गरिवि असाहयलाई प्रोत्साहन स्वरुप संचालन गरिनेछ ।

**भौतिक पूर्वाधार तथा खानेपानी तथा सरसफाई नीति :**

- ✓ सडक, संचार तथा विद्युतको भौतिक पूर्वाधार विकास एवं विस्तार हुनुको साथै खानेपानी सुविधा तथा सरसफाई स्थितिमा सुधार गर्न बिशेष पहल गरिनेछ ।
- ✓ एक घर एक धाराको अबधारण अनुसार सबै वडामा एक घर एक धारा कार्यक्रम लागु गर्दे लगिनेछ ।
- ✓ गाउँपालिका भित्र बसोबास गर्ने नागरीकको सुरक्षालाई मध्यनजर गर्दै वडा नं १ र ३ मा सुरक्षीत नागरीक आबासको कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

**महिला, वालवालिका तथा सांस्कृतिक विकास नीति :**

- ✓ महिला तथा वालवालिका, पिछडिएको जाति/जनजातिको आर्थिक स्थितिमा सुधार एवं भाषा, संस्कृति र सम्पदाको संरक्षण गर्न दिगो अवधारणा विकास गरिनेछ ।

- ✓ यसैगरी सास्कृतिक संरक्षणको क्षेत्रमा लागि विभिन्न सामाजिक संस्थाहरुलाई अनुदानको माध्यमबाट अगाडी बढाइने नीति अवलम्बन गरिनेछ ।
- ✓ अपाङ्गता भएका व्यक्तिहरुलाई संरक्षण र व्यवस्थापन साथै पुर्नथापना गर्नका लागि करुणा फाउण्डेशनसंगको सहकार्यलाई निरन्तरता दिदै थप व्यवस्थीत गर्दे लगिनेछ ।
- ✓ सास्कृतिक सम्पतिको रक्षा र विकासको लागि आवस्कयता अनुसार सांस्कृतिक धरोहरको विकास गर्दै लगिनेछ ।

**वन वातावरण तथा जलाधार विकास नीति :**

- ✓ वन पैदावार एवं अन्य प्राकृतिक सम्पदाको दिगो विकास र उपयोगद्वारा गरीवी न्यूनीकरणमा योगदान पुऱ्याउने ।
- ✓ सामुदायिक वन, नीजि वन तथा सरकारी बनको सुरक्षा विकासका लागि आवस्यक नीति निर्माण गरी लागु गरिनेछ ।

**घरेलु तथा साना उद्योग एवं पर्यटन विकास तथा सुरक्षा नीति :**

- ✓ आय आर्जन तथा रोजगारीको अवसरमा वृद्धि हुनुको साथै सामाजिक सुरक्षाको स्थितिमा सुधार गराउदै लैजाने ।
- ✓ पर्यटन विकासको लागि विभिन्न शरोकारवाला संस्थाहरुसंग सहकार्य गरी पर्या-पर्यटन क्षेत्रको विकासमा जोड दिइदै लगिनेछ ।
- ✓ गाउँमा नै यूवालाई रोजगारी दिनका लागि मुन्दुम पदमार्ग निर्माणका लागि आवस्यक पहल र समन्वयको व्यवस्था गर्दे लगिनेछ । यसै गरी प्रत्यक्ष रोजगारी सिर्जना हुने प्रकृतिको काममा बजेटको व्यवस्था गर्दै लगिनेछ ।

**उर्जा नीति**

- ✓ गाउँपालिकाको सम्भावित जलश्रोत उपयोग गरी लघु जलविद्युत, सौर्य उर्जा र बायोग्यास प्लाण्टको विकास गरी

परम्परागत जैविक उर्जा माथिको निर्भरता हटाउँदै वातावरण मैत्री उर्जा विकास गर्दै लगिनेछ ।

- ✓ साथै उज्यालो गाउँपालिका कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

धन्यवाद ।

प्रस्तुतकर्ता

**श्री महेश राई**

अध्यक्ष

# साल्पासिलिछो गाउँपालिका

चौकीडाँडा, भोजपुर